# स्थानीय राजपत्र

गजुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) गजुरी, धादिङ, २०७५ साल चैत्र २७ गते (संख्या २०)

## भाग २

## गजुरी गाउँपालिकाको टोल विकास एवं सुधार समितिको कार्यविधि २०७५

१. **भूमिका**

सामूदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक, आर्थिक विकास तथा स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न गजुरी गाउँपालिका मार्फत टोल विकास एवं सुधार समिति गठन तथा संचालन कार्यविधि २०७५ पारित गरि प्रभावकारी कार्यान्वयनमा ल्याउने उद्देश्य सहित यो कार्यविधि प्रस्तुत गरिएको छ ।

२. **सक्षिप्त नाम र प्रारम्भ** :

क) यो कार्यविधिको नाम गजुरी गाउँपालिकाको टोल विकास एवं सुधार समितिको कार्यविधि २०७५ रहेको

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

३. **परिभाष र व्याख्या** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) टोल विकास एवं सुधार समिति भन्नाले गाउँपालिकाका भित्रका प्रत्येक वडामा गठित टोल विकास एवं सुधार समितिलाई सम्भनु पर्दछ।

ख) गाउँपालिका भन्नाले गजुरी गाउँपालिकालाई सम्भनु पर्दछ।

ग) गाउँ कार्यपालिका भन्नाले गजुरी गाउँकार्यपालिकालाई सम्भनु पर्दछ।

घ) अधिकृत भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्भनु पर्दछ।

ङ) अध्यक्ष भन्नाले टोल विकास एवं सुधार समितिको अध्यक्षलाई बुझ्नु पर्दछ।

च) उपाध्यक्ष भन्नाले टोल विकास एवं सुधार समितिको उपाध्यक्षलाई बुझ्नु पर्दछ।

छ) सचिव भन्नाले टोल विकास एवं सुधार समितिको सचिवलाई बुझ्नु पर्दछ।

ज) स-सचिव भन्नाले टोल विकास एवं सुधार समितिको स-सचिवलाई बुझ्नु पर्दछ।

झ) कोषाध्यक्ष भन्नाले टोल विकास एवं सुधार समितिको कोषाध्यक्षलाई बुझ्नु पर्दछ।

४. **उद्देश्य**

टोल विकास संस्था गठन गर्नुका मूख्य उद्देश्यहरु निम्नानुसार छन्।

१. टोल, बस्तिस्तरका विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीहरुको पहुँच अभिवृदि गर्ने।

२. टोलवासिहरुमा उद्यमशिलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना,विकास र प्रवर्द्धन गर्ने।

३. टोल वस्तिस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद् भाव समझदारी समन्वय र मेलमिलाप कायम गराउने।

४. आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने।

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा

दिने ।

६. बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारका रुपमा टोल विकास संस्थालाई विकास गर्दे विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा आवश्यक समन्वय र सहयोग गर्ने ।

७. टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाईको रुपमा विकास गरि सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी एवं समन्वय गर्ने, गराउने ।

८. टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गाकरण गरी तिनिहरुको अभिलेख तयार गर्ने ।

९. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

१०. वातावरण मैत्री तथा बालमैत्री गाउँपालिका बनाउन आवश्यक सहयोग गर्ने ।

११. आफ्नो टोलको विकास आफै गर्ने सामुहिक भावनाको विकास गर्ने ।

१२. यो टोल विकास एवं सुधार संस्था यस गजुरी गाउँपालिका क्षेत्रभित्र प्रथम चरणमा रहेकोले गठित संस्थाको काम,कर्तव्य र अधिकार विषयक अभिमुखिकरण तालिम तथा गोष्ठि गाउँपालिका तथा वडा स्तरमा गर्ने ।

५. **गठन**

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ ।

१. गाउँपालिका क्षेत्रका वस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलावाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, स-सचिव र कोषाध्यक्ष र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास एवं सुधार कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति  साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल विकास एवं सुधार कार्य समितिको अवधि १ वर्षको हुनेछ । एक पटक अध्यक्ष,उपाध्यक्ष,कोषध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोहि पदमा लगत्तै एक वर्षको अवधि व्यतित नभई नियुक्ति हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नै छ साथै उपाध्यक्ष वा सह-सचिव मध्ये १ जना समेत महिला हुनुपर्नेछ ।

३. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ सो सम्भव नभए कम्तीमा ९० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी

भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला सहभागी गराउनु पर्नेछ।

४. टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसुचि- १ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयारा गनुपर्ने छ।

५. समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने।

**६. दर्ता/सुचिकृत**

टोल विकास संस्थाको दर्ता/सुचिकृत देहाय बमोजिम हुनेछ।

१. टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ। टोल विकास एवं सुधार संस्थालाई गा.पा. मा दर्ता/सूचिकृत गर्दा निवेदन गर्ने निवेदकको नमुना अनुसुची -२ मा उल्लेख गरिएको छ। टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित गा.पा. अनुसूची -३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

२. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गा.पा.ले टोल विकास एवं सुधार संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल एवं सुधार संस्था गठन हुनेछ।

**७. टोल विकास एवं सुधार संस्थाको काम**

टोल विकास एवं सुधार संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ।

१. टोलमा धनी,गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने।

२. विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने।

३. टोलमा उद्यम विकाससंग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने।

४. टोलमा सडक,ढल,विद्युत लगायतका पूर्वाधारमा गा.पा.को सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने।

५. टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने।

६. टोलको सामुहिक समस्या पहिचान प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने।

७. एच.आइ.भी./एड्स, अन्धविश्वास, बाल विवाह, बहुविवाह, मादक

पदार्थ सेवन, जुवातास जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलको आर्थिक तथा सामाजिक तथ्यांक अद्यावधि गर्न सूचना अभिलेख राख्ने ।

९. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा योजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

१०. टोलमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११. टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु गाउँपालिकाको सहमतीमा टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सृजना गर्ने ।

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु संचालन गर्ने तथा हरियाली बस्तीको विकास गर्ने ।

१३. टोलमा भवन निर्माण मापदण्ड,सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने र

१४. टोलमा रहेका सार्वजनिक,पर्ति,ऐलानी आदि जग्गाको संरक्षणमा गा.पा.लाई सहयोग गर्ने ।

१५. गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग गर्ने ।

१६. संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने लेखा राख्ने र लेखापरिक्षण गराउने ।

१७. गाउँपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

८. **टोल विकास एवं सुधार संस्थाको कार्य समितिको बैठक :**

टोल विकास एवं सुधार संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१. टोल विकास एवं सुधार संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास एवं सुधार संस्थाको कार्यसमितिको बैठक महिनामा कम्तिमा १ पटक नघट्ने गरी बस्नेछ ।

२. समितिको बैठकमा गाउँपालिका सम्बन्धित वडाका जन प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैठकमा निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्दछ ।

९. टोल विकास एवं सुधार संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार

टोल विकास एवं सुधार कार्य समितिको पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको नियमित बैठक बोलाउने,बैठकका लागि समय,मिति र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने, गनै लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने,गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. विशेष बैठकको आवश्यकतामा परेमा विधान बमोजिम बैठक बोलाउने ।

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्यहरु गर्ने,गराउने ।

२. अध्यक्षको काममा सहयोग गर्ने ।

३. अध्यक्षले अधिकार प्रत्यायोजन गरेमा सोहि अनुसार काम गर्ने ।

४. अध्यक्षको निर्देशनमा रहि काम गर्ने,गराउने ।

५. अध्यक्षले पेश गरेका लिखित राजिनामा स्वीकृतिको लागि कार्य समिति सपक्ष पेश गर्ने ।

**ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२. एक तिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहर संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।

४. संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५. तोकिएका अन्य कार्य गर्ने ।

**घ) सह-सचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवलाई सहयोग गर्ने ।

२. सचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

३. सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**ङ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२. खर्चको लेखा परीक्षण गराउने ।

३. बैकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**च) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गनुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाब-किताव जाँच गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।

४. आवश्यकता अनुसार संस्था संचालनका लागि निति,नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५. आवश्यकता अनुसार अध्यक्ष,सचिव,कोषाध्यक्षलाई सघाउने ।

६. तोकिएका अन्य कार्यहरु गर्ने ।

१०. आर्थिक व्यवस्थापन

संस्थाका आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

**क) टोल विकास एवं सुधार संस्थाको आम्दानी**

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु,विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२. टोल विकास एवं सुधार संस्थाले आयमुलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

३. संस्थाको विकास निर्माणका लागि टोल विकास एवं सुधार कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।

४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**ख) खर्च**

१. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको

संस्थाको निर्णयानुसार खर्च हुनेछ।

२. संस्था संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास एवम् सुधार संस्थको निति बमोजिम हुनेछ।

**ग)** **नाफा**

१. टोल विकास एवं सुधार संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकि रहेको रकम संस्थाको नाफा मानिनेछ।

२. नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ।

**घ)** **लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ।

१. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, विकास खर्चको विवरण,संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दट।

२. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास एवं सुधार संस्थाको बैठकमा पेश गनुर्पछ।

**ङ)** **लेखापरिक्षण**

संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछ।

१. संस्थाले नियुक्त गरेको लेखारिक्षकबाट लेखापरिक्षण गराउनुपर्दछ।

२. आवश्यकतानुसार गाउँपलिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरिक्षण गर्न सक्नेछ।

३. संस्थाले आफ्नो वार्षिक लेखा परिक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ।

११. **विविध**

१. यो कार्यविधि प्रचलित कानुन संग बाभिmएमा बाभिmएका बुदाहरु स्वत खारेज हुनेछन्।

२. यो कार्यविधि कार्यान्वयनमा क्रममा कुनै बाधा अड्चन आएमा गाउँ कार्यपालिकाको निर्णयानुसार फुकाईनेछ।

आज्ञाले,
युवराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत